माननीय आर्थिक मामिला तथा योजना मन्त्री

शालिकराम जम्मकट्टेलले

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

विनियोजन विधेयक, २०७९ का

# सिद्धान्त र प्राथमिकता

बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

२०७९ जेष्ठ

**माननीय सभामुख महोदय,**

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणको कठिन समय पछि मुलुक अर्थतन्त्रको पुनरोत्थान तर्फ अघि बढिरहेको यस घडीमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस सम्मानित सभा समक्ष उपस्थित भएको छु।

२. प्रादेशिक विकास र सुशासन मार्फत समग्र मुलुकको समृद्धि र आर्थिक विकासको यात्रालाई टेवा पुऱ्याउने आत्मविश्वासका साथ आगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्मानित प्रदेश सभामा पेश गर्न अनुमति चाहन्छु।

३. नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुने तथा राज्य शक्तिको प्रयोग तिनै तहले संविधान र निर्मित कानून वमोजिम गर्ने व्यवस्था गरे वमोजिम उपलव्ध स्रोत र साधनलाई प्रदेशवासी नागरिकको आवश्यकता र प्राथमिकताको आधारमा विनियोजन गरिदै आएको छ।

४. मानव जीवनमा ठूलो त्रास फैलाएको कोभिड-१९ महामारीको असर न्यून हुँदै गएकोले आर्थिक गतिविधि क्रमशः सुचारु हुंदै गएका छन् । हालै केन्द्रिय तथ्याङ्क विभागले सार्वजनिक

गरेको प्रक्षेपण अनुसार चालु आर्थिक वर्षमा बागमती प्रदेशको आर्थिक वृद्धिदर ६.७ प्रतिशत हुने अनुमान छ।

५. मुलुकको जनसांख्यिक एवं आर्थिक क्रियाकलापहरुको ठूलो हिस्सा बागमती प्रदेश भित्र पर्ने भएकोले प्रदेशको अर्थतन्त्रलाई गतिशील बनाई मुलुकको तीव्र आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु पर्ने विषयलाई गहिरोसँग आत्मबोध गर्दै आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता तय गरेको छु।

६. संघीयताको संस्थागत विकासको लागि नीतिगत र कानूनी संरचनाका आधारशिला तयार गरी आफ्नो क्षेत्राधिकारका कार्यहरूको कार्यान्वयन मार्फत प्रादेशिक तथा राष्ट्रिय लक्ष्य हासिल गर्नेतर्फ बागमती प्रदेश सरकार कटिबद्ध छ ।

७. प्रदेश सरकार संघीयताको मर्म र भावना अनुरुप संविधानले तोकेको जिम्मेवारी पुरा गर्न र संघ तथा स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी गर्दै अघि बढ्न दृढ रहेको व्यहोरा स्मरण गराउन चाहान्छु ।

८. कोभिड- १९ महामारीले वढी प्रभाव पारेको कृषि, पर्यटन, साना तथा मझौला उद्योग, सेवामूलक व्यवसाय, अनौपचारिक क्षेत्रमा काम गर्ने कामदार र दैनिक ज्यालादारीमा काम गरी जीवन निर्वाह गर्ने श्रमिकलाई राहत दिई बागमती प्रदेशको आर्थिक क्रियाकलाप विस्तार गर्ने तर्फ बजेट तर्जुमा गर्दा यथेष्ट ध्यान दिईने विषयमा माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु ।

९. चालु आर्थिक वर्षमा पुँजिगत खर्चमा उल्लेखनीय सुधार हुन सकेको छैन। बजेट विनियोजन गर्दा पर्याप्त ध्यान दिन नसक्नु, कोभिड-१९ महामारीको असर पूर्णरुपमा नियन्त्रण हुन नसक्नु, खरिद प्रक्रियामा रहेका जटिलता, प्राविधिक जनशक्तिको अभाव लगायतका कारणले अपेक्षित खर्च हुन नसकेको विषयलाई आगामी वर्षको बजेट निर्माण गर्ने क्रममा हृदयंगम गरेको छु।

१०. लामो समय देखि मुलुकमा गरिबी र बेरोजगारी समस्या समाधान हुन नसकेको स्थितिबाट बागमति प्रदेश पनि मुक्त छैन । प्रदेशको स्रोत र साधनको वितरण तथा उपयोगमा गरीब र पिछडिएको वर्गको पहुँच पुगेको छैन। प्रदेश भित्र भौगोलिक विषमता छ भने शहरी र ग्रामीण क्षेत्रको आर्थिक तथा सामाजिक सूचकहरुमा ठूलो अन्तर रहेको छ। हरेक वर्ष व्यहोर्नु परेको बाढी, पहिरो जस्ता प्राकृतिक विपत्तिले गरिबीको जोखिमलाई अझ उच्च बनाएको छ। यसर्थ आगामी बर्षमा बजेट निर्माण गर्दा गरीब लक्षित र विपद्वाट हुने क्षति न्यूनीकरण गर्ने तर्फ पर्याप्त ध्यान दिनुपर्ने महशुस गरेको छु।

११. मुलुक चालु खाता र व्यापार घाटाको समस्यावाट जुधिरहेको छ। आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न नसक्दा आधारभूत वस्तुको उपभोगमा समेत परनिर्भर हुनुपर्ने वास्तविकतालाई तोड्न जरुरी छ। लागत प्रतिस्पर्धी उत्पादनमुखी अर्थतन्त्रको विकास गर्नुको विकल्प नभएकोले यस्ता संवेदनशील विषयहरुलाई स्रोतको बाँडफाँट र

परिचालन गर्दा महत्वका साथ आत्मसात् गर्नु अपरिहार्य छ ।

१२. मुलुकको कतिपय क्षेत्रमा श्रम शक्तिको अभाव रहेको र स्वदेशमा पर्याप्त रोजगारीको अवसरको सिर्जना गर्न नसक्दा वर्षेनी हजारौं युवा विदेशिनु पर्ने विडम्वनापूर्ण अवस्थालाई न्यूनीकरण गर्न बजारको माग अनुरुपको मध्यम र उच्च स्तरको प्राविधिक सीपयुक्त जनशक्तिको विकास गर्नुपर्ने आवश्यकता महशुस भएको छ।

१३. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण, निर्देशक सिद्धान्तमा उल्लेखित विषयहरु, शान्ति र सुशासन, संघीय सरकारको नीति, योजना तथा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, बागमती प्रदेश सरकारको पहिलो आवधिक योजना, वर्तमान गठबन्धन सरकारको साझा न्यूनतम कार्यक्रम र दिगो विकासको लक्ष्यलाई विनियोजन विधेयक, २०७९ को सिद्धान्त र प्राथमिकता तय गर्दा मार्गदर्शनको रुपमा लिएको छु ।

**माननीय सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७९ का सिद्धान्तहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

१४. संविधानले परिलक्षित गरेको लोककल्याणकारी राज्य र समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउन विकास संवाहकका रुपमा सार्वजनिक, निजी र सहकारी

क्षेत्रको सहभागिता र सहकार्य मार्फत उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी प्रादेशिक अर्थतन्त्रलाई आत्मनिर्भर तथा उन्नतिशील बनाउने दिशातर्फ आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनेछ ।

१५. उपलव्ध स्रोत साधनको प्रभावकारी परिचालन र वित्तीय साधनको न्यायोचित बाँडफाँट गरी सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी र परिणाममुखी बनाईनेछ। आयोजनाहरुको प्रतिफल र प्रभावकारिताको आधारमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ।

१६. आवधिक योजनाले लिएका विषय र क्षेत्रहरु तथा मध्यमकालीन खर्च संरचना अनुसारका प्राथमिकता समेतलाई उपलव्ध साधनस्रोत सँग तालमेल गर्दै परिचालन र विनियोजन गरिनेछ।

१७. प्रदेश सरकारको विनियोजन एवं खर्च प्रणालीमा सुधार गर्न विनियोजन दक्षता, वित्तीय अनुशासन र मितव्ययिताको सिद्धान्त अवलम्बन गरिनेछ।

१८. विकासमा क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्न प्रदेश भित्रको उच्च पहाडी तथा हिमाली क्षेत्रमा वसोवास गर्ने नागरिकहरुको समृद्धिमा टेवा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित हुनेछ। शिक्षा, स्वास्थ्य र पोषण, सिप विकास, उद्यमशीलता र रोजगारीको प्रवर्द्धन तथा राज्यको सहयोग आवश्यक पर्ने व्यक्ति, परिवार र समुदायलाई विशेष संरक्षण दिईनेछ।

१९. सुशासन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित वर्ग र समुदायको सशक्तिकरण जस्ता मानवीय विकाससँग अन्तर सम्वन्धित विषयलाई बजेट निर्माण गर्ने क्रममा महत्वपूर्ण आधारको रुपमा लिईनेछ ।

२०. पूँजीगत बजेटलाई नतिजामुखी र लागत प्रभावकारी हुने गरी गुणस्तरीय आयोजनामा परिचालन गरिनेछ। सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमलाई पुनःप्राथमिकिकरण गरी अनावश्यक आयोजना तथा कार्यक्रमलाई घटाउँदै लगिनेछ। विगत देखि कार्यान्वयनमा रहेका प्रादेशिक र रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई निरन्तरता दिन आवश्यक स्रोतको प्रवन्ध गरिनेछ।

२१. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग र वित्तीय पहुँच बढाई उत्पादकत्व अभिवृद्धि गर्दै उत्पादनको बजार सुनिश्चित गरिनेछ। साना, घरेलु तथा मध्यम उद्योगलाई प्रोत्साहन, स्थानीय स्तरमा उत्पादन तथा रोजगारी बढाउन सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि, पर्यटन क्षेत्रको शीघ्र पुनरोत्थानमा सहकार्य गरिनेछ। प्रदेश सरकारको श्रोत साधनको प्रभावकारी परिचालनको माध्यमबाट उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै आर्थिक वृद्धिलाई टेवा पुऱ्याईनेछ।

२२. गरिबी, विपन्नता र पछौटेपनाको अन्त्य गर्ने र प्रदेशवासी नागरिकलाई सुशासनको प्रत्याभूति हुनेगरी प्रदेश सरकारका सबै संयन्त्रहरुको क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाह तथा कार्य सम्पादनलाई चुस्त, पारदर्शी, जवाफदेही र

उत्तरदायी बनाउदै सामाजिक न्याय कायम गर्ने तर्फ बजेट केन्द्रित हुनेछ।

२३. प्रादेशिक विकास र समृद्धि हासिल गर्न संघ र स्थानीय तहसँगको सहकार्य, समन्वय र सहलगानीमा जोड दिईनेछ।संघ र प्रदेश सरकारले निर्धारण गरेका नीति, उद्देश्य, लक्ष्य, समय सीमा र प्रक्रियासंग अनुकूल हुने गरी प्रादेशिक आयोजना तथा कार्यक्रम तय गरिनेछ।

२४. स्थानीय तहसँग वित्तीय हस्तान्तरणको माध्यमवाट गरिने साझेदारी र सहकार्यलाई थप सुदृढ गरिनेछ। स्थानीय तहको प्राथमिकतामा रहेका आयोजना वा कार्यक्रममा प्रदेश सरकारको तर्फवाट लागत साझेदारी गर्ने प्रबन्ध मिलाईनेछ।

२५. राजस्व प्रणालीलाई सरल, समतामूलक, प्रगतिशिल र लगानीमैत्री बनाउँदै लगिनेछ। कर प्रणालीलाई सरलीकरण र प्रविधिमैत्री वनाई कर संकलन गर्ने निकायहरुलाई करदातामैत्री बनाईनेछ। नागरिकवाट संकलन गरेको करको सदुपयोग सुनिश्चित गरिनेछ।

२६. राजस्व चुहावट नियन्त्रण गर्दै राजस्व प्रणालीको विकास तथा विस्तारलाई प्रभावकारी बनाइनेछ । राजस्व वृद्धिका लागि सम्भाव्य श्रोतको खोजी गरी दायरा फराकिलो बनाइनेछ ।

**माननीय सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७९ का प्राथमिकताहरू प्रस्तुत गर्न अनुमति चाहन्छु।**

२७. नेपालको संविधानमा भएको व्यवस्था बमोजिम नागरिकका मौलिक हक र अधिकार सम्वन्धी कानूनहरुको प्रभावकारी

कार्यान्वयन गर्दै सुरक्षित, सम्मानजनक र गुणस्तरीय जीवनयापन सुनिश्चित गर्ने तर्फ बजेटले प्राथमिकता दिनेछ।

२८. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

२९. उपलब्ध स्रोतको प्रभावकारी परिचालन मार्फत उत्पादन, रोजगारी, आम्दानी र जनताको जीवनस्तर वढाउने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ। अधुरा र दायित्व सिर्जना भईसकेका आयोजनाहरु सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

३०. सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, विस्तृत डिजाइन, जग्गा प्राप्ती, वातावरणीय प्रभाव मूल्यांङ्कन तथा रेखाङ्कन भईसकेका र प्रथम चौमासिक भित्रै ठेक्का सम्झौता हुनसक्ने आयोजनाहरूलाई बजेट विनियोजन गर्ने क्रममा पहिलो प्राथमिकतामा राखिनेछ।

३१. कार्यक्रम सञ्चालन गर्ने मोडालिटी निश्चित नहुँदै महत्वाकांक्षी आयोजना कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरिने छैन। जनशक्तिको उपलब्धता र खर्च गर्ने क्षमताको आधारमा बजेट विनियोजन गरिनेछ।

३२. शहरी र ग्रामीण भू-भागलाई जोड्ने गरी रणनीतिक महत्वका प्रादेशिक राजमार्ग र स्थानीय सडक निर्माणलाई वजेटमा प्राथमिकता दिईनेछ ।

३३. विद्यमान प्रादेशिक स्वास्थ्य संस्थालाई प्राविधिक उपकरण तथा जनशक्तिले युक्त बनाई सेवामा गुणस्तरीयता र

प्रभावकारिता ल्याउने किसिमका कार्यक्रमहरुलाई बजेट सुनिश्चित गर्न प्राथमिकता दिइनेछ।

३४. मातृ तथा बाल स्वास्थ्य, किशोर-किशोरी, ज्येष्ठ नागरिक तथा अपाङ्ग मैत्री स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै प्रदेश भित्र बसोबास गर्ने सबै नागरिकलाई सर्वसुलभ स्वास्थ्यको पहुँच पुऱ्याउन जोड दिइनेछ। नसर्ने रोगको बढ्दो प्रकोप नियन्त्रण गर्न सञ्चालनमा रहेका योजनाहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ।

३५. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आत्मनिर्भर तथा क्षमतावान बनाउन प्रविधिमैत्री शिक्षा प्रणाली विकास गरिनेछ। स्वरोजगार, उद्यमशीलता र नव-अन्वेषण कार्यक्रम सञ्चालन गर्न भौतिक, प्राविधिक, व्यवस्थापकीय र शैक्षिक पक्षको सुधार सम्वन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३६. मध्यमस्तरीय सीपयुक्त जनशक्ति विकासका लागि व्यवसायिक शिक्षा, गुणस्तरीय सीपमूलक तालिम र अनुसन्धानमा आधारित उच्चस्तरीय जनशक्ति उत्पादनमा जोड दिईनेछ। साथै, अनुसन्धानात्मक शिक्षा प्रणालीलाई विशेष प्राथमिकता दिने गरी बजेट निर्माण गरिने छ।

३७. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने तथा महिला, वालवालिका, अपांगता भएका व्यक्ति, दलित, वनकरिया लगायतका लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यक, पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने तर्फ बजेटलाई केन्द्रित गरिनेछ।

३८. कृषि क्षेत्रको विशिष्टिकरण, औद्योगिकीकरण, व्यवसायीकरण, यान्त्रिकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। सम्भाव्य स्थानहरुमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, चक्लाबन्दीमा आधारित सामूहिक खेती, बाँझो जग्गामा खेती जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। यसवाट खाद्यान्नमा आत्मनिर्भर भई आयात प्रतिस्थापन र व्यापार घाटा न्यूनीकरण हुने विश्वास लिएको छु।

३९. सतह, भुमिगत, लिफ्ट लगायतका सिंचाइ पूर्वाधार निर्माण गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि मार्फत रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ।

४०. बाढी, पहिरो, भू-क्षय जस्ता मनसुनजन्य प्राकृतिक प्रकोप, संक्रामक रोग लगायत भविष्यमा आउन सक्ने प्राकृतिक र मानवीय विपद् व्यवस्थापनमा द्रुत उद्धार, उपचार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन सक्ने प्रविधि र लगानीलाई प्राथमिकता दिईनेछ ।

४१. प्रदेश स्तरमा नविकरणीय स्वच्छ उर्जाको पहुँच अभिवृद्धि गर्दै मुलुकको दिगो आर्थिक विकासमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालनको लागि प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ। बिद्युत खपत बढाउन बिद्युतीय यन्त्र उपकरणहरुको प्रयोगमा प्रोत्साहन दिने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

४२. विगत वर्षदेखि कार्यान्वयनमा ल्याएको सहुलियतपूर्ण ऋण प्रवाह कार्यक्रम प्रभावकारी देखिएकोले आगामी आर्थिक वर्षमा समेत विस्तार गर्दै विपन्न र पिछडिएको वर्गमा रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गरिनेछ ।

४३. उच्च तथा मध्यम स्तरको प्राविधिक, व्यवसायिक, सिपयुक्त जनशक्ति उत्पादन गर्ने कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ। स्वदेशी कच्चा पदार्थ र सीपमा आधारित साना तथा मझौला उत्पादनमूखी उद्योग तथा व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिईनेछ।

४४. आन्तरिक तथा वाह्य पर्यटनलाई थप प्रोत्साहन गर्न प्रदेश भित्रका महत्वपूर्ण, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको खोज, पूर्वाधार विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरुलाई बजेट व्यवस्था गरिनेछ।

४५. स्वच्छ पिउनेपानी, ढल निकास तथा सरसफाईका कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ । प्रदेशमा वसोवास गर्ने नागरिकहरुको लागि आधारभूत खानेपानी सेवा सुनिश्चित गर्दै खानेपानी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ।

४६. सहकारी क्षेत्रको पूँजी, प्रविधि, प्रतिभा र सीपलाई उत्पादन, प्रशोधन र वितरण प्रणालीसँग आबद्ध गराई रोजगारी सिर्जना गर्न प्राथमिकता दिइनेछ।

४७. शहरी क्षेत्रमा देखिएको वातावरण प्रदुषण र यसले जनस्वास्थ्यमा पारेको असर न्यूनीकरण गर्न शहरी क्षेत्रका

नदी किनार जग्गा, नदी उकास जग्गा, सार्वजनिक पर्ती, ऐलानी जग्गाहरूमा शहरी वन कार्यक्रम सञ्चालन गरिनेछ। वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रलाई विकास प्रक्रियामा आत्मसात् गर्ने कार्यक्रमहरुलाई बजेट विनियोजन गर्दा प्राथमिकता दिईनेछ ।

४८. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण आदि दिगो विकासका सूचकहरु हासिल हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ। डढेलो, भूक्षय, कटानबाट प्रदेश भित्रका वन क्षेत्रको सुरक्षा गरी सामुदायिक वन लगायत समुदायमा आधारित वनको दिगो व्यवस्थापन, वन पैदावारको सदुपयोग र वनमा आधारित उद्योगको स्थापना र विस्तारमा जोड दिने गरी बजेट विनियोजन गरिनेछ ।

४९. प्रदेशभित्र खेलकुदको विकास र विस्तारका लागि खेलकुद पूर्वाधारहरुको निर्माण, संरक्षण र सञ्चालनका साथै खेलाडी र प्रशिक्षकको क्षमता विकास गर्ने कार्यक्रम कार्यान्वयन गर्न बजेटको व्यवस्था गरिनेछ।

५०. बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य गरी वित्तीय साक्षरता र वित्तीय पहुँच बढाउने सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ। बीमा कम्पनीहरुसँगको सहकार्यमा बीमा सेवाको दायरा विस्तारका लागि कार्यक्रम सञ्चालन गर्ने गरी बजेट विनियोजन गरिनेछ।

५१. प्रदेश सरकारले निर्माण गरेका विभिन्न नीति, कानून र नियमहरुको सुव्यवस्थित प्रकाशन र वितरण गर्दै

सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन विशेष जोड दिइनेछ। निर्मित कानूनहरूको डिजिटल अभिलेखीकरण गर्ने कार्यलाई बजेट तर्जुमा गर्दा प्राथमिकता दिइनेछ ।

५२. सुशासनको मूलभूत अवधारणालाई आत्मसात् गरी प्रदेश सरकारको शासकीय प्रणालीलाई बिद्युतीय प्रणालीमा आवद्ध गर्दै आम नागरिकहरूको चाहना अनुसारको दिगो विकास र समृद्धि हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ।

५३. यातायात सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउन राजस्व भुक्तानी लगायतका क्रियाकलापहरु विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

५४. स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणलाई अझ परिणाममुखी बनाउन स्थानीय तहसँगको साझेदारी र सहकार्यलाई प्राथमिकता दिईनेछ ।

५५. कोभिड-१९ महामारीको कारण प्रदेश सरकारको सार्वजनिक खर्चमा परेको चापलाई व्यवस्थापन गर्न बजेट विनियोजनमा मितव्ययिता सम्बन्धी मापदण्डको पालना गर्न जोड दिईनेछ। अत्यावश्यक बाहेकका सरकारी भवनको निर्माण, दरबन्दी सिर्जना, सवारी साधन खरिद गर्ने जस्ता कार्यलाई निरूत्साहित गरिनेछ ।

५६. खर्च प्रणालीलाई विश्वसनीय, पारदर्शी, र भरपर्दो बनाउने र बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाई कार्यान्वयन दक्षता बढाउने तर्फ विशेष

महत्व दिईनेछ। भैपरि शीर्षकबाट आकस्मिक कार्यको लागि मात्र बजेट विनियोजन गर्ने प्रणाली विकास गरिनेछ।

५७. प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको दायरा वृद्धि गर्न थप नयाँ क्षेत्रहरूको पहिचान तथा हाल भइरहेका क्षेत्रहरूबाट प्राप्त हुने राजस्वका दरहरूमा समयानुकूल परिमार्जन गर्दै लगिनेछ।

५८. राजस्वको संकलन र नियमन प्रकृयालाई थप प्रविधिमैत्री तथा यथार्थपरक बनाउन एकीकृत राजस्व सूचना प्रणालीको विकास गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**माननीय सभामुख महोदय,**

५९. कोभिड-१९ महामारीले मानव जीवनलाई प्रभावित बनाएको र आर्थिक गतिविधिहरुमा नकारात्मक असर परेकोले आर्थिक पुनरोत्थानमा सहयोग पुग्ने किसिमका कार्यक्रमहरु तय गरी सोको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकार केन्द्रित हुनुको विकल्प छैन।

६०. उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन गर्न सरोकारवाला निकायहरु कटिबद्ध हुनुपर्ने अवस्था छ। परनिर्भर भई गरिएको विकास दिगो नहुने हुँदा उत्पादन र रोजगारी वृद्धि हुने क्षेत्रमा लगानी बढाउनु अपरिहार्य छ।

६१. देश भित्र खाद्यान्न लगायतको आन्तरिक उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, शिक्षा, स्वास्थ्य र खानेपानी सेवामा गुणस्तर ल्याउँदै सेवा सुनिश्चित गर्ने, जनतालाई प्रत्यक्ष लाभ

हुने गरी भौतिक पूर्वाधारमा लगानी गर्नुपर्ने र आयातको अंश घटाउने विषय अहिलेको आवश्यकता भएकोले आगामी वर्षको बजेट यस तर्फ केन्द्रित हुने कुरा माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु ।

६२. अबको हाम्रो बजेट तथा कार्यक्रमलाई आवधिक योजना, नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त तथा प्राथमिकता, मध्यमकालीन खर्च संरचना, दिगो विकासका लक्ष्यहरु, वर्तमान गठवन्धन सरकारको न्यूनतम साझा कार्यक्रमसँग तादम्यता कायम गरी बजेट तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

६३. सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता प्रदेशको आवश्यकता, मुलुकको अर्थतन्त्रको वस्तुगत यथार्थता आन्तरिक तथा वाह्य परिवेश, र उपलब्ध साधन स्रोत बीच तादत्म्यता हुने गरी तयार गरिएको छ। माननीय सदस्यहरुले प्रस्तुत सिद्धान्त तथा प्राथमिकताहरु उपर सघन छलफल गरी सिर्जनात्मक पृष्ठपोषण दिनुहुनेछ भन्ने विश्वास लिएको छु। माननीय सदस्यहरुबाट प्राप्त सुझावहरुका साथै प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणमा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद**